नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी
चौबिसे - धनकुटा

पत्र संख्या: २०८२/८३
चलानी नं. २२६

फोन न. ०२६-४११००२
E-mail: aaorajarani@gmail.com

मिति:२०८३/०३/१६

श्री वडा कार्यालय (१ - ८),
चौविसे गाउँपालिका,धनकुटा
श्री वडा कार्यालय (३,४,५)
साँगुरिगढी गाउँपालिका,धनकुटा

विषय: त्रुटी रहित सिफारिस पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ वडा कार्यालयहरूबाट यस इलाका प्रशासन कार्यालयमा विभिन्न सिफारिसहरू गर्ने क्रममा त्रुटिहरू हुने भएकाले चुस्त सेवा प्रवाहमा बाधा उत्पन्न भएको छ। तहाँ कार्यालयहरूबाट सिफारिस गर्ने क्रममा हुने/ हुनसक्ने विभिन्न त्रुटिहरू र तिनीहरूको समाधानको सूची पाना संख्या २ (दुई) यसैसाथ संलग्न गरी पठाईएको छ। उल्लेखित विषयहरू अध्ययन गरी सिफारिस गर्ने क्रममा कागजात राम्रोसँग अध्ययन गरी त्रुटि रहित सिफारिस पठाउनु हुन जानकारीका साथ अनुरोध छ।

०३/१६

.................
भोगेन्द्र श्रेष्ठ
कार्यालय प्रमुख

भोगेन्द्र श्रेष्ठ
शाखा अधिकृत

“व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन”

## नागरिकता सिफारिस गर्दा वडा कार्यालयबाट हुने/हुनसक्ने त्रुटिहरु र सोको समाधान:

| क्र.स. | हुने/हुनसक्ने त्रुटिहरु | हुनुपर्ने व्यहोरा |
|---|---|---|
| १ | अनुसूचीमा प्रमाणित फोटो भन्दा फरक फोटो नागरिकता प्रमाणपत्रको लागि लिएर आउने गरेको । | अनुसूचीमा प्रमाणित गरिएको जस्तै फोटो नै नागरिकता र अभिलेख पुस्तिकामा राख्नुपर्ने भएको हुँदा फोटोमा एकरुपता हुनेगरि निवेदकलाई पठाउनुपर्ने । |
| २ | अनुसूची - १ फाराम मा निवेदकको औँठाछाप र वडा अध्यक्षको दस्तखत नगराई पठाउने। | सोको एकीन गरी फाराम मा निवेदकको औँठाछाप र वडा अध्यक्षको दस्तखत गराई पठाउने। |
| ३ | नागरिकता अनुसूची फारम पूरा नभरी पठाउने जस्तै (बाबु / आमाको नाम, ठेगाना, जन्ममिति आदि) । | नागरिकता अनुसूची फारम भर्दा बाबु / आमाको नाम, ठेगाना, जन्ममिति आदि पुरा र प्रष्ट रुपमा नेपाली र अङ्ग्रेजी दुबै भाषामा भरेर पठाउनु पर्ने। |
| ४ | सनाखत बस्ने व्यक्ति सिफारिसमा उल्लेख भए भन्दा फरक तथा तीन पुस्ता भन्दा बाहिरको समेत आउने । | सनाखत बस्ने व्यक्ति तीन पुस्ता भित्रको र सिफारिसमा जसको नाम उल्लेख छ निज स्वयं आउनु पर्ने। |
| ५ | सनाखतका लागि आमा, बाबु वा तीन पुस्ता भित्रका व्यक्ति आउनु पर्नेमा अरुलाई नै पठाउने । | सनाखतका लागि आमा, बाबु वा तीन पुस्ता भित्रका व्यक्ति (सक्कल नागरिकताको प्रमाणपत्र र सोको छायाँप्रति सहित नाता खुल्ने नाता प्रमाणित पत्र समेत लिएर) आउनु पर्ने । |
| ६ | हालसालै खिचेको (स्पष्ट मुखाकृति देखिने) पासपोर्ट साइजको फोटो हुनुपर्नेमा पुराने फोटो राखी सिफारिस गर्ने, फोटोमा पोसाक र कपाल असामान्य देखिने । | दुबै कान देखिने, हालसालै खिचेको, स्पष्ट मुखाकृति देखिने २.५४३ से.मी. साइजको फोटो राखी सिफारिस गर्नुपर्ने। फोटो साधारण नेपाली पोशाकमा र कपाल सामान्य देखिने गरि हुनुपर्ने । |
| ७ | सिफारिस तथा अनुसूचीमा वडा अध्यक्षको दस्तखत, छाप र कार्यालयको छाप छुट्ने, चलानी नम्बर छुट्ने । | सिफारिस तथा अनुसूचीमा वडा अध्यक्षको दस्तखत, छाप र कार्यालयको छाप एवम् चलानी नम्बर छुटे नछुटेको रुजु गरी पठाउनु पर्ने। |
| ८ | नाता प्रमाणित गर्दा विवरण नखोली र फोटो प्रमाणित नगरी पठाउने । | नाता प्रमाणित गर्दा आवश्यक कागजातका आधारमा फोटो मुनी नाम र नाता सम्बन्ध समेत खुलाई पठाउने। |
| ९ | घटना दर्ताहरुमा बाजे / बाबु आमाको नाम, नागरिकता नम्बर, जारी मिति लगायत गल्ती हुने । | घटना दर्तामा बाजे / बाबु आमाको नाम, नागरिकता नम्बर, जारी मिति लगायत विवरण रुजु गरी सहि भएको व्यहोरा एकिन गर्ने। |
| १० | घटना दर्ताको प्रतिलिपि जारी गर्दा पुरानो दर्ता मिति नराखी प्रतिलिपि बनाएकै मिति उल्लेख गरी पठाउने । | घटना दर्ताको प्रतिलिपि जारी गर्दा पुरानो दर्ता मिति र प्रतिलिपि जारी मिति दुबै उल्लेख गरी जारी गर्नुपर्ने। |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी

| | | |
|---|---|---|
| ११ | नयाँ नागरिकता बनाउदा वडा कार्यालयबाट अनलाईन सिफारिसको आवेदन गर्दा system मा entry भए नभएको एकीन नगरी सेवाग्राहीलाई पठाईने गरेको। | नयाँ नागरिकता बनाउदा वडा कार्यालयबाट अनलाईन सिफारिसको आवेदन गर्दा system मा entry भए नभएको एकीन गरेर मात्र सेवाग्राहीलाई पठाउनु पर्ने । |
| १२ | विवाह गरिसकेको महिलालाई अविवाहित भनी माईत ठेगानाबाट नै नागरिकता सिफारिस गर्ने । | विवाह गरिसकेको महिलाको नागरिकता नबनेको अवस्थामा निजको पतिको ठेगाना रहेको स्थानबाट नै नागरिकता प्रमाणपत्र जारी हुने र माईतिबाट नागरिकता बनाउन नमिल्ने भएकोले निजलाई अविवाहित भनी नागरिकता सिफारिस गर्न नहुने । |
| १३ | कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्रको बोधार्थ जिल्ला / इलाका प्रशासन कार्यालय नपठाउने | कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी दिइएको पत्रको बोधार्थ जिल्ला / इलाका प्रशासन कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्ने। |
| १४ | बाबु आमाको नागरिकता, विवाह दर्ता, नाबालकको जन्मदर्ता लगायतका आवश्यक प्रमाणको सक्कल नपठाउने। | बाबु आमाको नागरिकता, बाबु आमाको विवाह दर्ता, नाबालकको जन्मदर्ता लगायतका आवश्यक प्रमाणको सक्कल प्रमाणपत्र पठाउनु पर्ने । |
| १५ | नागरिकतामा पतिको नाम,थर थप/घट गरेर नागरिकताको प्रतिलिपि सिफारिस गर्दा प्रतिलिपिको सिफारिस र नँया अनुसूचि – १ समेत भरेर पठाउने गरेको । | नागरिकतामा पतिको नाम,थर थप/घट गरेर नागरिकताको प्रतिलिपि सिफारिस गर्दा प्रतिलिपिको सिफारिस मात्र भरि पठाउने । नँया अनुसूचि -१ भर्न नपर्ने । |
| १६ | सेवाग्राहीकरुको आफ्नो व्यक्तिगत घटना दर्ताका ( जन्म, मृत्यु,बसाईसराई, विवाह दर्ता,सम्बन्धविच्छेद) कागजपत्रहरुमा विवरण फरक परेमा सो विवरण फरक परेको भनि प्रमाणित सिफारिस नआउने । | सेवाग्राहीकरुको आफ्नो व्यक्तिगत घटना दर्ताका ( जन्म, मृत्यु,बसाईसराई, विवाह दर्ता,सम्बन्धविच्छेद) कागजपत्रहरुमा विवरण फरक परेमा सो विवरण फरक परेको विवरण एकै हो भनि प्रमाणित गरि पठाउने । |
| १७ | घटना दर्ता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक नाम, जन्ममिति, बाबु आमाको नाम आदि सिफारिस गर्ने । | घटना दर्ता र शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक फरक नाम, जन्ममिति, बाबु आमाको नाम भए सो कुरा मिलाएर मात्र सिफारिस गर्नुपर्ने। |
| १८ | नागरिकता सिफारिस का लागि पेश गरिने अनुसूचि १ र प्रतिलिपि सिफारिसका लागि टिँकट नटासिने गरेको । | कार्यालयमा पेश गरिने हस्तलिखित निवेदन बाहेक नँया नागरिकता सिफारिसका लागि रु १० प्रतिलिपिका लागि रु १३ को टिकट टास्नु पर्ने । |
| १९ | यस कार्यालयको website मा र facebook page मा नागरिकता सिफारिस सम्बन्धि कानुन र कार्यविधिहरु, निवेदनको ढाँचाहरु, राष्ट्रिय परिचयपत्र सम्बन्धि जानकारीहरु नियमित अध्ययन गर्नुहुन र messenger group र कार्यालयको सम्पर्क नम्बरमा नियमित सम्पर्कमा रहि आफ्ना समस्या र जिज्ञासा राख्हुन । | |

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय, राजारानी
चौबिसे - ६ धनकुटा